# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश कृषि सेवा, नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २३६** **मितिः-२०८०/१/१३**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) र ३६ (१) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०/०२/१६ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने ।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
६. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७ र ६५ बमोजिम हुनुपर्ने।
७. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

| | |
|---|---|
| **दरखास्त दस्तुरः** | रु. २०००/- (दुई हजार रुपैया) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा।<br>राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१०००० |
| **कार्यालय कोडः** | २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश) |
| **राजस्व शीर्षक नं.** | १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने । |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | १/२०७९-८० | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, नवौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| २. | २/२०७९-८० | वरिष्ठ बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण, नवौं | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १ (एक) |
| ३. | ३/२०७९-८० | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ४. | ४/२०७९-८० | वरिष्ठ मत्स्य विकास अधिकृत, कृषि, मत्स्य, नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ५. | ५/२०७९-८० | वरिष्ठ पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे., नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ६. | ६/२०७९-८० | वरिष्ठ बाली विकास अधिकृत, कृषि, बाली विकास, नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ७. | ७/२०७९-८० | वरिष्ठ बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण, नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |
| ८. | ८/२०७९-८० | वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि, एगृ.इको. एण्ड मार्केटिङ, नवौं | कार्यक्षमताको मूल्याङ्कन | १ (एक) |

## प्रदेश स्वास्थ्य सेवा, नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २३७** **प्रकाशन मितिः-२०८०/१/१३**

कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/०२/१६ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । जेष्ठता गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा बुझाइ सक्नु पर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने ।

५. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७ र ६५ बमोजिम हुनुपर्ने।

६. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

| | |
|---|---|
| **दरखास्त दस्तुरः** | रु. २०००/- (दुई हजार रुपैया) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा। |
| | **राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००** |
| **कार्यालय कोडः** | २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश) |
| **राजस्व शीर्षक नं.** | १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने । |

| क.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, तह | बढुवाको किसिम | पद संख्या |
|---|---|---|---|---|
| १. | ९/२०७९-८० | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, नवौं | कार्यक्षमताको मूल्याङ्कन | ५ |

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- http://ppsc.gandaki.gov.np **E-mail:** gandakipsc2076@gmail.com